# माधव नारायण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
माधोपुर, रौतहट
२ नं. प्रदेश, नेपाल


visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या :०७६/०७७
चलानी नं.: १४०८
प्राप्त प.सं र च. नं. :

मिति :- २०७६/०९/१७

विषय :- सूचना टाँस गरि प्रचार प्रसार गराउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु 'सवै',
माधव नारायण नगरपालिका ।

उपर्युक्त सम्बन्धमा सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्वन्धी जाँचबुझ आयोग, २०७६ को कार्यालय, सिंहदरबारको सूचना यसै पत्रसाथ संलग्न राखि पठाईएको छ । सो सूचना तहाँ वडाको सार्वजनिक स्थानहरुमा टाँस गरि प्रचार प्रसार गराई दिनु हुन अनुरोध छ ।

२०७६/९/१६

प्रलव कायस्थ
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ :-
श्री सूचना प्रविधि अधिकृत ज्यु, - Website मा अपलोड गरिदिनु हुन ।

# सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोग, २०७६ को कार्यालय, सिंहदरबारको अत्यन्त जरुरी सूचना

सरकारी, सार्वजनिक र गुठीका जग्गा एवं सार्वजनिक हितका लागि समयसमयमा सरकारले अधिग्रहण गरेका जग्गाहरु हिनामिना भए/नभएको सत्यतथ्य पत्ता लगाई कारवाहीको लागि सिफारिश गर्ने समेत कार्यको लागि नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) अनुरुप गठन गरेको **"सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँझबुझ आयोग, २०७६"** ले कार्य गरिरहेको छ । अतः आयोगलाई तपसिलमा उल्लेखित विषय र ठेगानामा सत्यतथ्य एवं यथार्थपरक विवरण सहितको उजुरी दिनुहुन सर्वसाधारण, सम्बन्धित निकाय एवं जानकारहरु सबैमा अनुरोध गरिन्छ ।

## विषयहरु

- सरकारी, सार्वजनिक र गुठी जग्गा कुनै पनि व्यक्ति वा संस्थाले गैरकानुनी तरिकाले दर्ता गरी गराई हिनामिना गरेको सम्बन्धमा ।
- सार्वजनिक हितका लागि समयसमयमा सरकारबाट अधिग्रहण तथा जफत गरिएका जग्गाहरु हिनामिना भए गरेको सम्बन्धमा ।

## उजुरी दिने ठेगाना

- आयोगको ईमेल ठेगाना **plic@molcpa.gov.np,**
- आयोगको फ्याक्स नं. ०१-४२००६७१ वा आयोगको कार्यालय,
- सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरु ।